## मिति २०७८/०३/०२ गतेको १११ औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय न १.** यस अघिका कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था बारे बैठकलाई जानकारी गरियो ।

**निर्णय न २.** प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रम संचालनका सम्बन्धमा कोभिड १९ का कारण हाल जारी बन्दाबन्दीको प्रभाव र स्थानिय बैंकहरु समेतबाट नयाँ खाता खोल्ने सक्ने स्थिती नरहेको साथै यी कार्यक्रम अन्तर्गत विभिन्न आयोजनाहरु संचालन भईरहेको सन्दर्भमा श्रमिकको ज्याला बैंक खाता मार्फत भुक्तानि गर्न नसकिने अवस्था बारे बैठकमा छलफल गरियो ।

यस सम्बन्धमा देहाय अनुसार गर्ने ।

(क) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन व्यवस्थापन) कार्यविधि २०७७ को दफा १८(२) बमोजिम श्रमिकको ज्याला सम्बन्धित उपभोक्ता समितिको निर्णय र हाजिरि विवरण तथा प्राविधिक प्रतिवेदनका आधारमा सम्बन्धित वडा अध्यक्षको सिफारिस र वडा सचिवको रोहवरमा नगद नै भुक्तानी गर्ने ।

(ख) मुख्यमन्त्री रोजगार कार्यक्रमका लागि समेत प्रकरण क बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रम कै विधि अवलम्बन गरि श्रमिकको ज्याला भुक्तानीका लागि आवश्यक निर्णयका लागि कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई अनुरोध गर्ने ।

**निर्णय न ३.** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० (१) बमोजिम ऐनले फ्रिज नहुने भनि तोकेको शिर्षकको रकम र यस कार्यालयबाट भुक्तानी हुने जुनसूकै रकम चालु आर्थिक वर्ष सम्पन्न हुनु भन्दा कम्तिमा ७ दिन अगावै भुक्तानी दिई निकाषा र खर्चको लेखा अध्यावधिक गरि खाता बन्द गर्नुपर्ने भएकाले सरोकारवाला सबैले मिति २०७८ आषाढ २० गते भित्र भुक्तानी कागजातहरु आर्थिक प्रशासन शाखामा पेश गर्नुपर्ने ।

**निर्णय न ४.** आर्थिक वर्ष २०७८।७९ को लागि विषयगत क्षेत्रका नीतिहरु तथा चालु तर्फको व्यय प्रक्षेपण बैठकमा पेश भई छलफल गरियो । बैठकमा प्राप्त राय सुझावहरु समेटि संशोधन सहित स्वीकृतिका लागि नवौं नगरसभाको बैठक समक्ष पेश गर्ने ।

**निर्णय न ५.** सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत बनाईने ईरका लागि स्थायी जग्गा धनी लालपुर्जा आवश्यक पर्नेमा कतिपय छनौट भएका लाभग्राहीहरुको स्थायी जग्गा नभएको अवस्थामा कम्तिमा १० वर्ष अघि देखी नियमित रुपमा भोगचलन गर्दै आएको र हाल नियमित रुपमा सोही स्थानमा स्थायी रुपमा बसोबास गर्दै आएकाहरुको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस भई आएमा सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत दिईने सुविधा उपलब्ध गराउने ।

**निर्णय न ६.** यस नगरपालिकाको वडा न १ देखी १२ सम्मका वडाहरुको फोहर व्यवस्थापनलाई सार्वजनिक नीजि साझेदारी अवधारणामा हाल वडा कार्यालयले प्रयोग गर्दै आएका ढुवानी साधनहरु समेत प्रयोग गर्न सक्ने गरी बोलपत्र आव्हानको प्रकृया अगाडी बढाउने ।



Scanned with CamScanner